इति.पु.४६६

श्री कर्पूरस्तव

इ.पु.
६

पुस्तक लेख्ने : महाकालीको नोकर हेमन्तराम भट्टराई
कमलादी, काठमाण्डौ, नेपाल

विषयमा सुख छैन र काली दुई अक्षरमा ध्यान दिनु भन्ने बारेः–

विषय विशिनष्टि इति विषय अर्थात् बुद्धि रोकिदैन एकातिर लागेर राखिहाल्छ त्यो हो विषय. भोगको साधन स्त्री, पुत्र, कलत्र आदि आम परिवार तथा दर्शन आदि इन्द्रियले ग्राह्य आदि अनेकन् पदार्थ छन् ती सबै विषय हुन् चित् त अर्थात् विषयदेखि पृथक भएन भने चित्त भई हाल्या. इन्द्रियहरूलाई रोक्नुलाई दान्ति भनिन्छ मनलाई राक्नुलाई शान्ति भनिन्छ. इत्यादि हुनु निर्विषय हुनु हो. विषय मा सुख छैन एक विषय प्राप्ति भयो कि अर्को विषयको आकाङ्क्षा भईहाल्छ. अर्को विषयको आकाङ्क्षामा लागिपरीरहँदा दुःख भईहाल्छ. एक विषय भोग्ने वित्तिकै अर्को विषयको वासना भईहाल्छ. एक विषयको भोक्तालाई अन्य विषयको आवश्यकता हुनु पर्दैन पर्ने हुनुनपर्ने त्यो हुँदैन । पदार्थहरूका वासनाद्वारा बुद्धि चञ्चल भईहाल्छ । चञ्चल भएर आएपछि आनन्द स्वरुपको भान हुँदैन. जुन व्यक्तिले वासना त्यागेर बुद्धि दृढ स्थिर राख्दछ त्यो अन्तर्मुखो भईहाल्छ. कालीनाम अक्षर मात्र उच्चारणका साथैसाथ निःश्वास प्रश्वासका मन्द मन्द आरोह अवरोह शरीरमा घटीरहेको छ. यो बुद्धिले दृढ स्थिर गरे अनवरत शयौं शयौं कोटियौं काली नामको जप गरेको अनन्त आनन्द र अमन्द आनन्द अनुभूति त्यो साधकले अविछिन्न अन-

इति पु. ४६६

श्री महाकाल प्रणीत ।

श्रीमद् दक्षिणकाली महारानीको स्तोत्र कर्पूरस्तव जुन स्तोत्रको पाठबाट अर्थशक्ति, क्रियाशक्ति, ज्ञानशक्ति हस्तगत हुन्छ. यो मूलै पाठक भक्तको निम्ति छ ।

यसै स्तोत्रको छायानुवाद नेपाली श्लोकमा समेत अलग्गै छ । श्लोकाङ्क अनुसार राखिएको छ ।

यसै स्तोत्रको मननबाट हुन नसक्ने केहि छैन र साधारण भक्तका निम्ति तत्वार्थ भावार्थ समेत राखी गद्यमा टीका अलग्गै छ । श्लोकको अङ्क अनुसार छ ।

भक्तजनले श्री दक्षिणकालीको मूर्त्तिमा ध्यान मग्नभै पाठ गर्नु होला ।

जय जय जय श्री दक्षिण काली२

काली (महाकाली) दश महाविद्यामा आद्या भैवक्सिन्छ. महाकालीको ठूलो प्रभाव छ । श्री रामले ऐ रावण मै रावण लाई पातालमा वध गर्न नसकीवक्सेपछि सीता पनि रणाङ्गणमा राज भइवक्सेको थियो श्री सीताजीले महाकाली स्वरूप लिइवक्सेको थियो र सोही महाकालीबाट उक्त रावण दुईलाई मारिवक्सेको थियो ।

महाकालीमहात्म्यः–

महाकाली स्तोत्र कर्पूरस्तवको छायानुवाद तथा पद्यटीका सहित महाकालीका दृढभक्तका सेवामा उपस्थित गरेको प्रसङ्गमा सर्वप्रथम महाकालीको महात्म्य लेख्दछु ।

कलौ काली कलौ काली कलौ काली सुख प्रदा ।
कलौ काली कलौ काली कलौ काली जय प्रदा ।।१।।
कलौ काली कलौ काली कलौ काली तुके वला ।
साधिता काल नाथे न प्रत्यक्षा कालिका कलौ ।।२।।
कालीको करूणा छोडी अरूको भर पर्दछ ।
त्यो छोडेर खाद्य सव छुधाको नाश गर्दछ ।।३।।
कलिमा कालिका छोडी जो शान्ति गर्छ कामना ।
त्यो जाडो नाश गर्न जान्छ त्यो हिमशैलमा ।।४।।
काली छोडेर कलिमा जो ऋद्धि गर्छ कामना ।
त्यो दुःख नाश गर्न भनी पाप् गर्छ तन्मना ।।५।।
हुनुहुन्छ महाकाली कलिमा पूर्ण फल् दिने ।
कलि ज्स्को दाताको नै पाउमा हुन्छ पूजने ।।६।।
जानेर वा नजानेर कालीको पाउ पक्रिने ।

SANSKRIT UNIVERSITY

कालीको अनुकम्पाले हुन्छ त्यो सर्व मानिने ।।७।।

शिवजीले रुद्रयामल तन्त्रमा भन्नु भएको यसप्रकार छः–

हे पार्वति ? कर्पूरस्तव यो कालीको स्तुति भक्तिपूर्वक पाठ गरे कालीको सन्तुष्टि हुन्छ । शनिवार अथवा मङ्गलवार स्नान गरेर कालीको यो पुस्तकमा लेखेको कालीको मूर्त्ति ध्यान गरेर यो सर्वोत्तम महाकालीको स्तव पाठ गर्नु महा–काली खुशी भइबक्सिन्छ ।

रोग लागे, भय आइपरे, लोग्नेले हेंला गरे, सौताको मार खानु परे, लोग्ने रक्सीबाज भएर तथा ठूलो पदमा बसेर अहं-ममता भै स्वास्नीलाई नसहे, स्वास्नी ठूलो पदमा बसेर हरि कङ्गाल लोग्ने भै दुःख पाए, बुद्धिविपरीत भएर दुःख पाए, अकारणमा वैरभाव गर्नु परे, अंशबण्डामा झगडा गर्नु परे, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी शत्रुहरूको मार परे तथा दुई खुट्टा उभेर रहेको आफूलाई र दुई खुट्टाले उभेको अर्काको मुख देख्न नसक्ने दुवैको दुष्ट प्रबृत्ति नहोस् भनी महाकालीमा रोई रोई यो स्तोत्र पाठ गर्नु सवै दुःख हट्तछ ।

जय जय जय महाकाली ?

महिलाहरूले कालीको भक्ति गर्नु पर्छ. उनीहरूले आफ्नो हित चाहनेहरूले स्त्रीहरूलाई प्रहार नगर्नु. दुःख नदिनु, निन्दा नगर्नु, उनीहरूमाथि अप्रिय वचन नबोल्नु. उनीहरूमाथि कुटिलता नगर्नु. दुष्टचाइँ नगर्नु. स्त्री विद्या हुन् संझनु यी उक्तिहरू आगम ग्रन्थका हुन् आगम ग्रन्थमा दश महाविद्यामा

आद्या भैवक्सिन्छ. महाकालीका अनेक उपभेद छन्. मुख्यरुपले आठ उपभेद छन्.

(१) चिन्तामणी काली (२) स्पर्शमणी काली
(३) सन्तति प्रदा काली (४) सिद्धिदा काली
(५) दक्षिणा काली (६) कामकला काली
(७) हंशकाली (८) गुह्यकाली इति.

दशमहाविद्याः– काली, तारा, त्रिपुर सुन्दरी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगलामुखी, मातंगी, महालक्ष्मी ।

यी दश महाविद्यामा महाकालीको स्थान सर्वोच्च हो. आगम ग्रन्थमा महाभैरववाट हुकूम भइबक्सेका यी उक्तिहरू हुन् ।

जय महाकाली ?

महाकाल प्रणीत

श्रीमद्दक्षिणकालिकायाः कर्पूरस्तवः

कर्पूरं मध्यमान्त्यस्वरपररहितं सेन्दु बामाक्षियुक्तं
बीजं ते मातरेतत् त्रिपुरहरवधु त्रिः कृतं ये जपन्ति ।
तेषां गद्यानि पद्यानि च मुखकुहरादुल्लसन्त्येव वाचः
स्वच्छन्दं ध्वान्तधाराधररुचिरुचिरे सर्वसिद्धि गतानाम्

॥१॥

ईशानः सेन्दुवामश्रवणपरिगतो बीजमन्यन्महेशि
द्वन्द्वं ते मन्दचेता यदि जपति जनो वारमेकं कदा चित् ।
जित्वा वाचामधीशं धनदमपि चिरं मोहयन्नम्बुजाक्षी-
वृन्दं चन्द्रार्धचूडे प्रभवति स महाघोरशावावतंसे

॥ २ ॥

ईशौ वैश्वानरस्थः शशधरविलसद्वामनेत्रेण युक्तो
बीजं ते द्वन्द्वमन्यद्विगलितचिकुरे कालिके ये जपन्ति ।
द्वेष्टारं घ्नन्ति ते च त्रिभुवनमभितो वश्यभावं नयन्ति
सृक्वद्वन्द्वास्रधाराद्वयधरवदने दक्षिणेकालिकेति

॥ ३॥

वीजसप्तकमुद्धृत्य महाविद्याघटकस्वरूपान्तरमुद्धरति ।

ऊर्ध्वं वामे कृपाणं करकमलतले छिन्नमुण्डं ततोऽधः
सव्येऽभीतिं वरं च त्रिजगदघहरे दक्षिणे कालिके च ।
जप्त्वैतन्नाम ये वा तव विमलतनुं भावयन्त्येदतम्व
तेषामष्टौ करस्थाः प्रकटितरदने सिद्ध यस्त्र्यम्वकस्य

॥४॥

वर्गाद्यं वह्निसंस्थं विधुरतिवलितं त्र्तयं कूर्चयुग्मं
लज्जाद्वन्द्वं च पश्चात् स्मितमुखि तदधष्ठद्वयं योजयित्वा ।
मातर्ये वा जपन्ति स्मरहरमहिले भावयत्तःस्वरूपम्
ते लक्ष्मीलास्यलीलाकमलदलदृशः कामरूपा भवन्ति

॥५॥

प्रत्येकं वा द्वयं वा त्रयमपि च परं वीजमत्यन्तगुहयं
त्वन्नान्मा योजयित्वा सकलमपि सदा भावयन्तो जपन्ति ।
तेषां नेत्रारविन्दे विहरति कमला वक्त्रशुभ्रांशुविम्बे
वाग्देवी देवि मुण्डस्रगतिशयलसत्कण्ठपीनस्तनाढ्ये

॥६॥

गतासूनां वाहुप्रकरकृतकाञ्चीपरिलस-
न्नितम्वां दिग्वस्त्रां त्रिभुवनविधात्रीं त्रिनयनाम् ।
श्मशानस्थे तल्पे शवहृदि महाकालसुरत-
प्रसक्तां त्वां घ्यायन् जननि जडचेता अपि कविः

॥७॥

शिवाभिर्घोराभिः शवनिवहमुण्डास्थिनिकरैः
परं संकीर्णायां प्रकटितचितायां हरवधूम् ।
प्रविष्टां सन्तुष्टामुपरि सुरतेनातियुवतीं
सदा त्वां ध्यायन्ति कचिदपि न तेषां परिभवः

॥८॥

वदामस्ते किं वा जननि वयमुच्चैर्जडधियो
न धाता नापीशो न हरिरपि ते वेत्ति परमम् ।
तथाऽपि त्वद्भक्तिर्मुखरयति चास्माननमिते
तदेतत् क्षन्तव्यं न खलु पशुरोषः समुचितः

॥९॥

समन्तादापीनस्तनजघनदृग्यौवनवती-
रतासक्तो नक्तं यदि जपति भक्तस्तव मनुम् ।
विवासास्त्वां ध्यायन् गलितचिकुरस्तस्य वशगाः
समस्ताः सिद्धौघा भुवि चिरतरं जीवति कविः

॥१०॥

समाः स्वस्थीभूतां जपति विपरीतां यदि सदा
विचिन्त्य त्वां ध्यानन्नतिशयमहाकालसुरताम् ।
तदा तस्य क्षोणीतलविहरमाणस्य विदुषः
कराम्भोजे वश्या हरवधु महासिद्धिनिवहाः

॥११॥

प्रसूते संसारं जननि जगतीं पालयति वा
समस्तं क्षित्यादि प्रलयसमये संहरति च ।
अतस्त्वां धाताऽपि त्रिभुवनपतिः श्रीपतिरपि
महेशोऽपि प्रायः सकलमपि किं स्तौमि भवतीम्

॥१२॥

अनेके सेवन्ते भवदधिकगीर्वाणनिवहान्
विमूढास्ते मातः किमपि न हि जानन्ति परमम् ।
समाराध्यामाद्यां हरिहरविरञ्च्यादिविबुधैः
प्रपन्नोऽस्मि स्वैरं रतिरसमहानन्दनिरताम्

॥१३॥

धरित्री कीलालं शुचिरपि समीरोऽपि गगनं
त्वमेका कल्याणी गिरिशरमणी कालि सकलम् ।
स्तुतिः का ते मातस्तव करुणया मामगतिकं
प्रसन्ना त्वं भूया भवमनुनभूयान्मम जनुः

॥१४॥

श्मशानस्थः स्वस्थो गलितचिकुरो दिक्पटधरः
सहस्रं त्वर्काणां निजगलितवीर्येण कुसुमम् ।
जपँस्तत् प्रत्येकं मनुमपि तव ध्याननिरतो
महाकालि स्वैरं स भवति धरित्रीपरिवृढः

॥१५॥

गृहेसंम्मार्जन्या परिगलितवीर्यं हि चिकुरं
समूलं मध्यान्हे वितरति चितायां कुजदिने ।
समुच्चार्य प्रेम्णा मनुमपि सकृत् कालि सततं
गजारूढो याति क्षितिपरिवृढः सत्कविवरः

॥ १६ ॥

सुपुष्पैराकीर्णं कुसुमधनुषो मन्दिरमहो
पुरो ध्यायन् ध्यायन् जपति यदि भक्तस्तव मनुम् ।
स गन्धर्वश्रेणीपतिरिव कवित्वामृतनदी-
नदीनः पर्यन्ते परमपदलीनः प्रभवति

॥१७ ॥

त्रिपञ्चारे पीठे शवशिवहृदि स्मेरवदनां
महाकालेनोच्चैर्मदनरसलावण्यनिरताम् ।
समासक्तो नक्तं स्वयमपि रतानन्दनिरतो
जनो यो ध्यायेत् त्वामपि जननि स स्यात् स्मरहरः

॥१८॥

सलोमास्थि स्वैरं पललमपि मार्जारमसिते
परं मैषं वौष्ट्रं नरमहिषयोश्छागमपि वा ।
वलिं ते पूजायामपि वितरतां मर्त्यवसतां
सतां सिद्धिः सर्वा प्रतिपदमपूर्वा प्रभवति

॥ १९ ॥

बशी लक्षं मन्त्रं प्रजपति हविष्याशनरतो
दिवा मातर्युष्मच्चरणकमलध्याननिरतः ।
परं नक्तं नग्नो निधुवनविनोदेन च मनुं
जपेल्लक्षं सम्यक् स्मरहरसमानः क्षितितले

॥ २० ॥

इदं स्तोत्रं मातस्तव मनुसमुद्धारणमनु-
स्वरूपाख्यं पादाम्बुजयुगलपूजाविधियुतम् ।
निशार्धे वा पूजासमयमधि वा यस्तु पठति
प्रलापस्तस्यापि प्रसरति कवित्वामृतरसः

॥ २१ ॥

कुरङ्गाक्षीवृन्दं तमनुसरति प्रेमतरलं
वशस्तस्य क्षोणीपतिरपि कुबेरप्रतिनिधिः ।
रिपुः कारागारं कलयति परं केलिकलया
चिरं जीवन् मुक्तः स भवति च भक्तः प्रतिजनु

//२२//

इति मूल कर्पूर स्तवः

नैपालीश्लोक कर्पूरस्तबको छायानुवाद

कर्पूरं शब्दको ऊ स्वर पर नभै वाकिमा विन्दुई भे ।
कालीको वीजत्यो हो त्रिपुरहरवधू यो महामन्त्र लीए ।।
उन्को हात्मा छ सिद्धी हरहर भनिने गद्य पद्यात्मवाणी ।
फूर्दै जाने अडिग्भै भगवतिजननि ? हे महारानि कालि

॥१॥

ऊकार्विन्दुप्रमुख्को हसंग मिलितभै वीज यो बन्न जान्छ ।
दोऱ्याई एकफेरा जप गरि मनमावाक् पति तुल्य बन्छ ।।
ज्यदै संपन्नतामा निधिपति सङभै रूपसौभाग्य हुन्छ ।
स्त्रीलाई मोह पार्ने चहक महकमा सौम्यकोरूप हुन्छ

।२।

हकार्मा वन्हिभेको शशधरसङको दीघईकार युक्त ।
देख्ने जो हो निकैनै अतुल अरू पनि दिव्यकाली स्वरूप छन्
त्यस्का वैरीहुदैनन् त्रिभुवनवशमा नित्यआएर वस्छन् ।
ओठ्को चारौं चुहेको रगत वरिपरि रूप संझेर वस्छन्

।३।

बाँया हात्माकृपाणै उपरतिरत छन् तल्तिरैछिन्नमुण्ड ।
दायामा छन् अभीति उपर तलतिरैवर् रहेको छ दिव्य ।।
देख्ने जोहो अतुलकतनुको संगै दिव्यकालीस्वरुपछन्
उन्का हात्मा विभूति अणिम अरूपनि वस्नसके हुनेछन्

।४।

माथ्मारेफ् विन्दुसाथै अनि पछि सङमा दीर्घईकार् भएको ।
यो बीज् तीन्वार आर्को अनि पछि सङमा कूर्चद्विवार् भएको।।
स्वाहास्वाहा मिलेको भगवति ? प्रभुको यो महा मन्त्र जप्ने
सौभाग्यश्रीकामशाली सबभवनमा हुन्छ त्यो दिव्यज्योति

।५।

एकैमा बा दुईमा तीनथरिमनुमा भक्तिको भाव राखे /
स्वाहा यो अन्तमा भै जननि ? भगवति दक्षिणेकालिके भे //
यो कैयौं मन्त्रमंख्यास्मरण गरिलिने भक्तको नेत्रसामु ।
वाग्देवी साथलक्ष्मीसंङ्छ प्रभुहुने प्रेमको पात्रजानु

।६।

मरेका हातैले अति रचितको रम्य घुर्घुरा /
निकै नाङ्गो भै नै त्रिभुवन बनाएरपहरा //
नयन्छन् तीन्जस्का रहनुछ श्मशान् तल्पउपर /
महाकालासक्तै सुरत निरतध्यानप्रवर

।७।

भयैलाग्दाश्याली सकल भरिला मुण्डहरूले ।
वनाएको ठूलो प्रकटितचितामा हरवधू //
निकै उत्तानैमा शिवउपरमा खूव सुखमा /
रहेकी कालीको स्मरणगरिली हुन्छ सुखमा

।८।

भनूलौकै आमा जडमति भई ऊच्चस्वरलै ।
न ब्रह्मानोशंभु हरिपनि नजान्ने स्वमतिले ॥
हजूर्को भक्तीमामछु अति मुखाले बुळिलिनोस् ।
क्षमा पाऊँ आमा मपशुनरमा क्रोध् नगरियोस्

१९।

निकै स्तन् जाँघ् मोटी तरूणवयकी दृग्तरूणिमैं ।
रमाई खूब्वस्ने भगतजन रातूमा मनु जपे ॥
सबै अङ्गै नाङ्गै भगवति महाकालि जपदै ।
रहे त्यस्को हुन्छन् सववशचिरंजीवि कवि भै

११०।

कयौं वर्षै स्वस्थै भइअनि सदा खूब उलटा ।
महाकाल्का साथ्मा सुरत रतमा चिन्तन लिदा ॥
उनै बस्छन् हुन्छन् नृपतिहरूका साथ कविभै ।
महा सिद्धी वस्छन् करतल सदा भक्ततिनमै

१११।

जगत्पैदा गर्ने जननि जगती पालनदिने ।
सवैविश्वै गर्ने प्रलयवखतै संहरदिने ॥
यसैले ब्रह्मादि हरिहर अरू सर्वबुधले ।
महाकालीकोनै जननि ? प्रभुको पूजन हुने

११२।

हजूर् देखौ ठूला भनि सुरहरूलाई भजछन् /
तौ हुन् मूर्ख भैनै अलिकति पनि ज्ञान नहुनन् //
विरिञ्ची आदिले अतिशय भजेकालि ? जननि /
महानन्दीतिम्रो पदशरण छु कालि ? भवति ?

।१३।

धरित्री आगोनै अनि जल र हावा नभ पनि /
यी जम्मै भद्राणि! भगवति महाकालिहजुर //
गरूँ के यो तिम्रो स्तुति हजुरको प्रेमवशले /
कृपा होला मै मा अव पनि नहोस् दुःखजनुले

।१४।

श्मशान्मा भै नाङ्गो अनिपनि जगल्टाफिजिसम /
जपी अर्पी कालीदशशत निकै अर्क कुसुम //
सघैं ध्यानस्थैभै हुति(होम)गरि रहे हुन्छ प्रवर /
खुला वेडर्भै नै क्षितिपति ठुलो सत्कविवर

।१५।

सवै सिद्धै आफ्नो मिलितसङ्को वीर्यसङ्कै /
कपाल्लाई रात्मा कुजदिवसमा मन्त्र जपदै //
श्मशान्मा होम् गर्ने स्थिरमन हुने सत्कविवर /
पृथिवीको राजा भई रहि हुने जिन्दगी भर //१६/

।१६।

असल् फुल्ले व्याप्तै रतिपतिजिको मन्दिर तिरै /
निकै ध्यान् गर्दैमा यदि सुजन सन्मन्त्र जपदै //
रहे कालो राम्रै सित दिनु हुने उस्प्रतिकृपा /
भई गाना जान्ने अतिशय महागायक सदा

।१७।

त्रिकोणाकार् चक्रै शिवहृदयमा प्रौढ सुरत /
महा क्रीडागर्दै रहिरहनुकोध्यान निरत //
स्वर्ग कामासक्ता परमरमणी साथ रहदै /
महाकाली मन्त्र स्मरण गरने हुन्छ शिवनै

।१८।

महाकालीपूजा क्रम सहितमा रोम सङ्को ।
अनेकन् प्राणिमा नरमहिष ओष्ट्रादिहरूको ।।
उपहृति (उपहार) प्रीतिसहित हवनादि कृतिहुँदा ।
स्वतः प्राप्तै गर्छन् अणिम अरू सिद्धिकृति सदा

।१९।

हविष्यै खाएरै दिनभरिवशी इँद्रियजिती /
महाकालीध्यान्मा निधुवनकुलक् रात परदै //
भई नाङ्गो वस्ने स्मरण गरदै मन्त्र जपदै ।
पुऱ्याए लाख् संख्याशिवसम हुने यो जगतमै

।२०।

जगन्मातमन्त्रस्तुतिसहित पूजा सहितमा ।
हजुर्लाई संझी अनवरत रात्कोसमयमा ॥
निकै चिच्याएरै भगवति ? गरे स्तोत्र सवयो ।
कवित्वैको अमृत्सरर वहने अद्भुत छ यो

।२१।

सधैं पाठ् गर्नेमा सकलमहिला प्रेम गरछन् ।
अनेकौं भौगादि मृगनयनिका साथ वसछन् ॥
वशी राजा हुन्छन् निधिपति हुने पाठक जन ।
नभै वैरी कोही प्रतिजनु हुने मुक्तक मन

।२२।

इति कर्पूर स्तवको छायानुवाद पद्यमा

कर्पूरस्तवको श्लोकसंख्यानुसार क्रमिकतवरले लेखेको भावार्थ सहितको टीका गद्यमाः— टीका

कर्पूरं यो शब्दमा ऊ अक्षर अकार प र यी अक्षर हुनुहुन्न विन्दु सहित हुनु पर्दछ बामाक्षि ईकार हुनुपर्दछ यी सबै युक्त भएपछि क्रींवीजतयारी हुन्छ यो मन्त्रलाई प्रणवराखेर जसले जप गर्दछ उसको गद्य पद्यात्मक आत्मवाणी हरर भनिदै जाने शक्ति भगवती महारानीको कालीको कृपाले खूव हुन्छ यथेष्ट वीचमा नरोकेर भन्न शक्केशक्ति आदि सर्वशक्तिमान् हुन्छ यो भावार्थ हो जपगर्दा बीजको अगाडि र पछि औकार हुनुपर्छ

।१।

ईशान (हकार) यस अक्षरमा विन्दु र वाम श्रवण (ऊकार) मिलाए हूँ यो वीज तयारी हुन्छ जसले एकेकफेर वा द्विद्वि आवृत्ति गर्दछ जपगर्दछ त्वो वाक् पति हुन्छ
निधिपति कुवेर हुन्छ खूव राम्रो हुन्छ धेरै सुन्दरीहरूलाई मोह गर्ने हुन्छ भाव यो होकि विद्या, वैभव रूप, सौभाग्य शाली भएर सर्वसौभाग्य संपन्न हुन्छ जप गर्दा कालको नियम छैन भन्ने कदाचित् पदवाट बुझाएको हो ।

।२।

ईश हकार वैश्वानरस्थरेफ रहेको शशधर भनेको
विन्दुलेयुक्त भएको तथा वामनेत्रले युक्त भएको अर्थात् दीर्घईकारले युक्त यसबाट ह्रींवीज तयारी भयो यो वीजकालीको

स्वरूप हो यस्तो भावना गर्नु यी वीज सर्वत्र लाग्दछ ।
समस्तविद्या
त्रिपुरसुन्दरी लगायत समस्त देवीहरूमा मन्त्रमा पाइन्छ मन्त्रको तल्लीन जपवाट मन्त्र र देवताको ऐक्य हुन्छ । यो महामन्त्रको जपको प्रभावले समस्त शत्रु नाश हुन्छ। त्रिभुवनका चारौं तर्फ मेकाहरू वशमा आउँछन् । हे विगलितत्रिकुरे ? लामो केशकलाप भइवसेको कालि ? ओठमा छेउछाउमा चुहिएको रगतको धारले डर लाग्दो भइववसेको कालि ? यो संक्षिने संवोधनको भावार्थवाट दक्षिणा महाकाली संकेत सजिलो हुन्छ

।३।

हेत्रिजगद घहरे ? हे तीजगतका पाप नाश गरिवक्सने
हे महाकालि ? आन्फो वाहु देखाइ वक्सिने ?
दाहिने हातमा अघिल्तिर अभयमुद्रा अधोभागमा
वर वायाँ हातमा माथितिर खड्ग तल तिर भक्त दैत्यको मुण्ड लिवक्सेको हे कालि ? हजुरको स्वरूपको ध्यान पूर्वक हजुर्को वीजको जपगर्नेहरूका हातमा त्र्यम्वकको आणीमा महिमा, गरिमा लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व वशित्व यी आठसिद्धिहरू हात पर्छन् भावार्थ यही हो ।

।४।

हे स्मित मुखि ? भक्तका उपर करूणा गरेर मुसुक्क हासिवक्सने हे कालि ? हे स्मरहर भहिले ? कामदेवलाई

भस्म गरिवक्सने महादेवले पूनितभइवक्सेकी! कवर्गको पहिलो अक्षरलाई रेफ चढाएर विधु भनेको विन्दु र रतिवलित दीर्घ-ईकारले युक्त भएर तयारी भएको क्रीं यस मन्त्ररूपलाई तीन वार दोहन्याएर तयारी भएकोलाई पाठ गरेर अनि कूर्च युग्म हुँ यो वीज दुईयोग गरेर अनि लज्जा युग्म ह्रीं ह्रीं योग गरेर स्वाहा योग गरे मन्त्र भयो यो मन्त्र जपी महाकाली स्वरूपको ध्यान गरी रहे महालक्ष्मीको लक्ष्य (चिन्ह) देदीप्य मान भएको नयन भई इच्छानुसार विभिन्न रूप धारणा गर्न सन्के विश्वलाई महामोह गर्न समर्थ भएको भक्त हुन्छ, यी मन्त्रका उपासनाले लक्ष्मी (महा) उसभक्त कहाँ विहार गर्नु हुन्छ साधक ऐश्वर्य संम्पन्न हुन्छ मुखमा महाचन्द्र विम्वमण्डल भासिरहन्छ सक्तसाधकसकल विधानिधि हुन्छ ।

।५।

एकेक मन्त्रमा द्विद्विमन्त्रमा तीनतीन तीन मन्त्रमा सकलमन्त्रमा अर्थात् तीन मन्त्रको संयुक्त मन्त्रमा प्रणव लगाएर दक्षिणेकालिके स्वाहा यो पछाडी थपेपछि दश मन्त्र भयो जस्तैः

ॐ क्रीं दक्षिणे कालिके स्वाहा ॐ ह्रूँ दक्षिणेकालिके स्वाहा ॐ ह्रीं दक्षिणे कालिके स्वाहा ॐ क्रीं क्रीं दक्षिणे कालिके स्वाहा, ॐ हूँ हूँ दक्षिणे कालिके स्वाहा ॐ ह्रीं ह्रीं दक्षिणे कालिके स्वाहा ॐ क्रीं क्रीं क्रीं दक्षिणे कालिके स्वाहा, ॐ ह्रूँ ह्रूँ ह्रूँ दक्षिणे कालिके स्वाहा ॐ ह्रीं ह्रीं ह्रीं दक्षिणे कालिके स्वाहा ॐ क्रीं क्रीं क्रीं ह्रूँ ह्रूँ ह्रूँ ॐ ह्रीं ह्रीं ह्रीं

२०५२८

दक्षिणेकालिके यो संयुक्त मन्त्र मिलेपछि १० मन्त्र भयो यी अत्यन्त गुहय मन्त्र भयो कूर्च्चवीज हूँ वीज र वज्जा वीज ह्रीं थपेर मन्त्रको अगाडि प्रणव र दक्षिणेकालिके स्वाहा जोडेर स्वस्वरूपको दक्षिणाकालीको अभेदहरू भावना गरेर उक्त मन्त्रको जप गरेपछि वीजको नामको अभेद भावनाहरू गरेर यस भक्तको नेत्रार विन्दमा महालक्ष्मी सामुसामु विहार गर्नु हुन्छ तेस्ता भक्तको मुखमा वाग्देवी विहार गर्नु हुन्छ यो भावार्थ हो यस्तो भावना प्रकट गुरु मुखबाट मात्र उपलब्ध हुन्छ ।

।६।

मरेका भक्तहरूका वाहुले यद्वा शवरूप कामक्रोध आदि शत्रुका वाहुहरूका समूहले बनाएको धुधुँरालेकलीको भाग पछाडि वेरीएको नाङ्गी महाश्मशान्माशवहृदय अर्थात् महादेव हृदयरूप शय्यामामहा काल सुरताम् सृष्टि गर्नाको निमित्त पैदा गरेको मर्त्तासित विपरीत रतिमा लाग्नु भएको महाकालीलाई संझदै महामन्त्र जाप्दै ध्यान गरे जडचित्तवाला पनि कवि हुन्छ ।

।७।

यही ध्यान महाकाली तन्त्रमा वताएको पहिले श्लोकहरू अनि अर्थ स्पष्ट गर्दछु ।

कराल वदनां घोरां मुक्त केशीं दिगम्वराम् ।।
वन्हयर्क शशिनेत्रान्तु रक्त विस्फुरिताननाम्

।१।

शवहस्त सहस्रै स्तुवद्धकाञ्चीं श्मशानगाम् ।
सधश्छिन्नशिरः खड्ग वराभय कराम्बुजाम्

।२।

शवरूपमहादेव हृदयो परिसंस्थितम् ।
महाकालेनवैसाधँ विपरीतरतातुराम्

।३।

एवंध्यायन् महाकाली सर्वसिद्धोश्वरो भवेत् ।

अर्थः– डरलाग्दो मुख जगल्टा फिजाएकी नाङ्गी वन्हि सूर्य, चन्द्रमा यी तीन आँखा भएकी, रगतले मुख रातो भएकी मुद्राका हात हजारौले बनाएक्षो धुँधुँरा पहिरिई वकसेकी श्मशानमा राज हुने तुरून्तै काटेको शिर, खड्ग वर, अभय यी चार हातमा लीइवक्सेकी मुर्दारूपमहादेवको हृदयमाथि राजभइवक्सेकी महाकालका साथ सृष्टि गर्नको निम्ति भर्त्तासितविपरीत सतिमा लाग्नु भएकी कालीलाई ध्यान गर्ने भक्त सवै अष्टसिद्धिहातमा भएका हुन्छन् । तीन श्लोकका अर्थ घोराभि डरलाग्दो शिवाभिः श्रृगालीरूप धारणाभेकी योगिनी-हरूका शवनिवह मुण्डास्थिनिकरैः प्रेतहरूका मुण्डकाहाडका समूहले विकीर्णायां ढाकेका प्रकटित चितायांबनाएको चितामा प्रविष्टो प्राप्त भएकी अतएवसन्तुष्टी खूव खुसि भएर उपरि सुरतमा रहेकी शिवकलत्ररूप हजूर अत्यन्त युवतीलाई जो ध्यान गर्दछन् त्यो भक्तलाई कचिदपिसंकट प्राप्त हुन आए त्यं भक्त दुःख भएको छ यस्तो आफूमा अनुभूति गर्दैन पनि परिभव प्राप्त हुदैन प्रकटित चिता भनेको मूलाधारस्थ

अग्नि कुराडहो त्यसबाट भावना उठाएर भ्रूमध्यस्थआज्ञा-चक्रमार महाकाल सित आनन्दमा रहिरहनु हुन्छ यस्तो ध्यान गर्नु भन्ने भावहो ।

।८।

हे जननि हे अनमिते ? नति शून्य भैवकिसएको अर्थात् सबैले बन्दना गरिनेहे आमा? सबैको अन्तर्मनोगत भइव-क्सेको हजुर्को परमम् गुणासामान्य कोहि जान्दैनन् हामी उच्च स्वरले भनौं । हजुर्को तत्व ईश, हरि ब्रह्मा पनि जानि-वक्सिन्न तैपनि हे आमा हजुर्को गुणा सक्ति भएकोले मलाई मुखाले गरायों यो मेरो मुखाले पनालाई क्षमापाऊँ पाश भनेको घृणा, शंका, भयं लज्या, जुगुप्सा इत्यादि हुन् यिनी-हरूले बाँधिएको जीव हो पाशरूपतिनीहरूबाट मुक्त भएको सदाशिव हो हामीहरू पशुमारोष (रीस) नगरिबक्सियो स् तात्पर्य यो हो जस्तैः- रज्जु पाशले बाँधेको गाई भैंसीहरू आपनो श्रृङ्गले र पाउले प्रहार गर्दछन् तापनिकोप कोभागी हुदैनन् घृणादि पाशले बाँधिएको यो मत्तले गरेको स्तोत्र बालकले बोलेकों जस्तो संझीबक्सी सहिदिईबक्सीयोस् ।

।९।

अधिकारी विशेषको उद्देश्यले रात्रि जपमा यिशेषताः-

राति मध्य रातमा साधक भक्तसर्बाङ्ग नांगो हुनुपर्दछ स्तनर जाँघमोटो आँखा पुष्ट भएको टुलुटुलु हेर्ने जवानीले मस्तसित मासक्तिजस्तो राती क्रीडाको पात्र भएपनि क्रीडा जन्य सुखमा

अवधान स्थिर नभएको कालीका वीजजप नगरी वस्तु नसम्के कालीकास्वरूपको ध्यान गरी दृढ रहने, गलित चिकुर शब्दले बुझाएको बन्धन शून्य भक्त साधक चीरायु हुन्छ। कवित्व शक्तिमान् हुन्छ आफ्नो मरण स्वाधीन भएको हुन्छ। कुमारी-तन्त्र अनुसार पत्नीलाई महादेवी आफूलाई महेश्वर यी ऐक्यभावले अर्थात् अन्तर्मुखीभक्तिरूपले मनन गरिरहने साधकभक्त शिव हो जति विश्वमा सिद्ध छन् सबै उसैका अधीन हुन्छन्। हेहरवधू ? हजूरलाई विपरित उल्टो पुरूष जस्तो महाकाल को माथि चढीबक्सेको संझीसमाः कैयौं वर्ष घेरै वर्षनिश्चल भएर रहेकी महाकालसित प्रौढ आनन्दमा रहनु भएकी हजुर्लाई ध्यान गर्दै यस्तो भावना गर्दै मन्त्र जपदै दृढ रहने भक्तका हातमा अनेक महासिद्धि रहेका हुन्छन् यस्तो भक्त खूब ऐश्वर्य भएका हुन्छन् तात्पर्य यो हो कि महाकालसित विपरीत उल्टो क्रिया आनन्दमा रहनु भएकीलाई ध्यान गर्दै रहनेको सिद्धिहरूभक्तका अधीन हुन्छन्।

।१०।

हे आमाकालि ? हजूर ? संसार अनन्तकोटी ब्रह्माण्ड नायिके ? जगतलाई प्रसूते इच्छामात्रले पैदा गरिबक्सिन्छ पालयति तीनकिसिमको तापबाट रक्षा गरिबक्सिन्छ। संपूर्ण जगतलाई प्रलयको समयमा हजुर्को क्रीडाको आखिरिमा आफूमा तिरोभाव (लुकाई राख्ने) गराइ बक्सिन्छ। यस्तो किसिमको हजुरलाई हजूरले सृष्टि गर्न नियुक्त गरिवक्सेको

प्रजापति, विश्वरक्षागर्नकालागी नियुक्त गरिबक्सेका श्रीमान् (विष्णुभगवान्) पनि एवं संहारको काममा हजूरबाट अधिकार दिई बक्सेको शिव जी पनि प्राय गरेर हजुर्को सामर्थ्यको इयत्ता थाह नपाएर स्तुति गर्नु हुन्छ भावार्थ यो होः– जहाँ सत्व रज तमो गुणका अधिष्टाता सृष्टि, स्थिति, संहारका अधिकार पाएका ब्रह्मा बिष्णु, शिवपनि हजुरको प्राय गरेर हजुरको सामर्थ्यको इयत्ता थाहा नपाएर स्तुति गर्नु हुन्छ । भावार्थः- जहां सत्वरज, तमोगुण का अधिष्टाता सृष्टि स्थिति संहारका अधिकार पाएका ब्रह्मां विष्णु शिवपनि मूकत्व भेकालाटा जस्ता हुन्छन् भन्के हजुरलाई को के भन्न सके ।

।१२।

हे माताः हे कालिके ? कैयौं विमोहित भएकाहरू हजुरभन्दा ठूला मानिएका आरोग्य आदिदिने हजूरदेखि उत्कर्षशाली भनी मानिएका देबसमूहलाई मान गर्छन् तिनीहरू तत्व जान्दैनन् हरिहर ब्रह्मा आदि दैबहरूले मानिएकी रति रसस्थायीभावात्मक रस जो महानन्द रस ब्रह्मानन्द रसमा मग्न रहिवक्सेकी हजूरको स्वच्छन्द रूपले पाउमा शरणागत भएर परेकी छु मूलाऽऽ धारबाट ब्रह्मरन्ध्रसंम चक्रभेद गर्ने क्रमले सुरतक्रीडामालागेकीकुलण्डलिनी रूपी हजुर्को शरणागत परेको छु अरु मेरो शरण हैन ।

।१३।

हे कालिमाता ? हे कल्याणि ? सबैको भलो गरिवक्सिनै हे गिरिशरमणि ? शिवलीला साधिनी ? एकासृष्टि आदिमा एक रूपले राज भएकी हजुरको स्तुति म के गरूँ अगति के गतिनभएको म उपर तेरूणया हजुर्को कृपाले प्रसन्ना भूयाः प्रसन्नभै वक्सियोस् यो जन्मपछि मेरो अर्को जन्म नहोस जन्म र मरण नहोस जन्म मरण पछि संसारवाट मलाई छुटाई वक्स्योस् यो नै मेरो इच्छा छ यो प्राप्त होवोस हे माता ।

॥१४॥

हे महाकालि ? श्यशान्मा कत्ति व्यग्र नभएर रहोस् साधक जगल्टा पालेको होस नाङ्गि भैरहेको कालीको ध्यानमा संलग्न कालीको मन्त्र जप्तै रहेको छ आफ्नो चुहिएको वीर्य-का साथ हजार संख्या आँकको पुष्प (फूलले) हवन गरे पृथिवीको नायक हुन्छ भावार्थः– एकान्तमा चित्तलाई स्थिर राखी सबै किसिमको बन्धन् नहोस्, सुख दुःखका पर्वाह नभएको मूलाधार कुलकुण्डलिनी वेदीमाहवन गर्ने मानिस पृथिवीमा पूज्य संपूर्ण सामर्थ्य युक्त हुन्छ । आफ्नो चुहिएको वीर्य भनेको संपूर्ण सामर्थ्य हो अर्क पुष्प भनेको हजारौं सूर्य जस्तो प्रभाववान् (प्रभाव भएको) पुष्प भनेको उत्तम पुष्प हुन् या उत्तम अहिंसा, इन्द्रियनिग्रह, क्षमा दया ज्ञान रूप फूल हुन्) यीनीहरूले परदेवताको पूजा गर्नु पर्ने हवनात्मक विधान भनेको महाकुण्डमा हवनगर्ने विधान हो यस्तो साधक हुनुपर्छ

यो गूढ रहस्य कालीतन्त्र विश्वसार उत्तर तन्त्र आदिमा लेखेको छ ।

॥ १५॥

हे कालि ? कुजदिन मंगल वारमा मध्याह्नमा अथवा मध्यरातमा प्रेमसित कालीका बीजहरू जप्तै रहने साधकले सम्यक् उच्च स्वरले कालीस्वरूप संज्ञी कालीनाम उच्चारण गरेर परिगलित वीर्य भएभरको आफ्नो वीर्य केश वा पाठान्तरमा पुष्पलाई समूल बीजात्मक योनिजलका साथ अर्थात् त्रुटित नभएको श्मशानमा बसेर चितामा समाजनीलेहोम गर्दछ पक्षान्तरमा अर्थात् मूलाधारमा वह्नि कुण्ड चितामा स्वतः प्रकाश सामर्थ्यका साथ आफ्नो पूर्ववासना सहितको अहंकार, असत्य आदि रूपहविले भक्तिपूर्वक हवन गर्ने गर्दछ त्यो महा कवि हो, कविको कत्रो दर्जाछ अवर्णनीय छ भने महाकविको दर्जा कस्तो होला, त्यस हवन गर्ने व्यक्तिले अहंत्ता असत्य पैशून्य अर्थात् छुल्याहा काम (साधारण कामदेव वासना) तथा अगण्य असंभार अथाह कामना चाहना क्रोध अकारणमा आफुलेनिकालेको ठूलो रीस राग आदिलाई मनरूपीसुरोद्वारा हवन गर्‍यो गर्‍यो त्यस्तो हवन गर्ने साधक तत्व प्रकाशक चक्षुबुद्धि भएको अतिदुरदर्शी दर्शी महाकवित्वादि शक्ति पाउछ ।

॥१६॥

सुपुष्पः स्त्रीको रजले अथवा असलताजा फूलले कुसुम धनुषः कामदेवको मन्दिर मन्दिरलाई योनिचक्रलाई सामुन्ने मा अनवच्छिन्नरूपले ध्यान गर्दै गर्दै हे कालि ? हजुर्को उपासना गर्ने भक्त जनले कासीको वीजको जप गर्दछ भने त्यस्तो तल्लीन भएर कालीको वीजजप गर्ने साधकसात स्वर जान्ने र कवित्वरूप अमृत नदीका समुद्र वन्दछ त्यो साधक खूव शक्तिमान् हुन्छ मूलाधार त्रिकोण चक्रमा विशेष भावना भएको पुष्पहरूले युक्त भावना गर्दै कालीको तीन वीज जपगर्ने कालीको सायुज्य मोक्षसंम प्राप्त गर्दछ ।

॥१७॥

हे आमा ? काली ? रातमा सुरत क्रीडाको आनन्द मान्ने भैकन समासक्त जप संख्या पूरा गर्न खूव लागेको साधक भक्त तीनले गुनेको पाँच अर्थात् १५ पन्द्रहकोणले बनेको पीठ यन्त्रको काली पूजायन्त्रमा मध्यविन्दुमा ध्यान मग्न हुँदै शवशिवहृदि उत्तानो परेको रावरूपशिवको वक्षस्थलमा अर्थात् महाकालसित माथिल्लो तहको सदनरस लावण्यनिरताम् खूव बढेको सुरतविलासहरूमातत्पर अतएवस्मेरवदनां प्रमोद भएर मुसुक्क हासि वक्सिने महाकालीलाई ध्यान गर्दै २ जप गर्दै २ जो रहन्छ, काम दहन गर्ने समर्थ सदाशिव हुन्छ भाव यो होकि जो साधक योग आदिक्रियानजान्ने भै पनि पञ्चवदश (पन्द्रहकोण) भएको यन्त्र महाकालीरूप-लाई ध्यान गर्दै मध्यरातमा साधक भक्त जप गरोस तर

काम वासना नछोडेको छैन भने त्यो मुक्त हुन्छ कामदहन गरि वक्सिनेकोवरावरी हुन्छ शिवतुल्य हुन्छ ।

॥१८॥

हे असिते कालि ? अथवा मायाआदिको वन्धनबाट छुटिवक्सेको हजुरको पूजा गर्दा रौं हाड् भएको स्वेरं आफ्नो स्वतन्त्र इच्छाले अरुको अनुरोधले हैन विरालो, भेडा, ऊँट नर मनुष्य वा महिष नपाए छाग यी निरोगी हुनु पर्दछ यी वलिउपहरता चढाउने मर्त्य वसतां सतां साधकहरुको सर्वासिद्धि सवैसिद्धि प्रतिपद क्षणक्षणमा प्राप्त हुन्छ कस्तो सिद्धि भने अणिमा सानोसानोमा अत्यन्त सानो महिमा ठूलो ठूलो विशाल गरिमा भारीमा अत्यन्त गह्रँगो, प्राप्ति- संकल्प मात्रले पाउने जे पनि पाउने प्राकाम्यम्– रोकावट नभैकन संकल्प मात्रले धेरै पाउने वशित्वः– पाच भूतकार पाँच भूत बाट पैदा भएका पदार्थहरू वशमा आउने, ईशित्वः– भूतर भौतिक पदार्थको अनेक रुपमालिक रुपमानै सवैमा शासन गर्ने समर्थ भेका जम्मा यी आठ सिद्धि पाइन्छ यी कालीको कृपाले भइन्छ । भगवतीलाई वलि सिङ्गै चढाउनु मासु नखाने भक्तहरूकालाई काम्यपूजा गर्दा वलि काटेरै चढाउने पनि हुन्छन् मांस चढाउने शास्त्रोक्तिकाम्य पूजा आदि लिए र हो सात्विक भक्तका काम्य विशेषमा वलिका विशेषता छ वलिको अर्थ विशेषता छ उपहार समर्पण, नकि प्राणी– हिंसा रगत चढाउने ।

वानप्रस्थ, ब्रह्मचारी, दयापरवश, गृहस्थ सात्विकव्यक्ति ब्रह्मनिष्ठ हिंसा गर्न अलग् रहने यिनीहरुले पशुवलिको सट्टामा अरू काटेर रगत जस्तो लगाएर वलि दिनु अनुकल्प दिनु जस्तै कुभिण्डो, कटहर, लौका काकडी, दाडिम, दाख, खजूर, कटहर इत्यादि वलि चढाउने गर्नु ।

॥१६॥

मूल सँस्कृत श्लोकको अर्थवाट दिन र रातको भेदले काली-को मन्त्रको पुरश्चरण दुई भागमा विभक्त छ, यसप्रकार छः दिन को पुरश्चरण स्मार्त्त हो रातको पुरश्चरण आफ्नो विधिले हुन्छ हे कालि ? हजुर्को आदेश छ मुख्य कुरा साधक इन्द्रिय जितेको हुनुपर्छ. साधक दिनमा हविष्य खाने निरामीष भोजी । रात-मा निधुवनको विनोदनमा नग्न वस्त्ररहित हुनुपर्दछ । यो उप-लक्षण हो लज्जा हटाउने वस्त्रजातीय घृणा, शङ्का भयंलज्जा, जुगुप्सा इत्यादि पाशले रहित हुनुपर्दछ निधुवन विनोद रति क्रीडाको आनन्द सौख मुखभरी वाजीकरणका ताम्बूल रहोस् कामकला योग छुटेको छैन साथैसाथ महाकालीको परम वीज तीन छ नौ वीजको लवलीनका जपका साथ मन्त्र महा-कालीको आमाको स्मरण गर्दै ३ जप सँख्या लाख पुऱ्याउनुपर्छ धर्मशास्त्रमा कहेको हविष्य अन्न मात्र खाने हुनुपर्दछ । त्यस्तो जप गर्ने भगवान् शिवरूप हुन्छ ।

॥२०॥

हे आमा ? तव मनुसमुद्धारण हजुर्को मन्त्रको उद्धारका साथै हजुर्को दुई पाउ कमलको पूजाको विधि अनुसार अर्चन

होम बलिले युक्त भै गरो महाकालीको स्वरुपलाई करल बदनां घोरम् आदि स्तोत्र अनुसार ध्यान गर्दै यो कर्पूरस्तवक मध्य बतमा पाठ गरेमा त्यो भक्त कवित्वको अमृत सरर बहाउने अदभूत शक्तिवाला हुन्छ, यस्तो भक्त सजिलैसित काव्यनिर्माण कुशल हुन्छ ।

॥२१॥

महाकालीको कर्पूरस्तवको पाठ गर्ने भक्तलाई कुरं गाक्षी अर्थात् मृगनयनीको फौजले उक्त कालीको साथि प्रेम गर्ने भई अनुसरण गर्छन्. प्रेम घेरै थरि हुन्छन् तर यो निर्विषय हो. राजा त्यस्तो भक्तको वशमा हुन्छन्. जप गर्ने पाठ गर्ने कालीको भक्तको धनसंपत्ति यस्तो हुन्छ, कुबेरको जोडा हुन्छ. उत्तम तस्किाबाट सत्कर्म क्रीडामा तत्पर भएर घेरै काल बाँच्छन् पछि मुक्त हुन्छन् बन्धनमा पर्दैनन् अनेक जन्म संसिद्ध स्ततो यान्तिपरां गतिम् भने अनुसार परमगति प्राप्त गर्छन् जन्मबन्धनमा पर्दैन । व्यवहारमा देखेको छु घरपरिवारमा लोभ, मोह मद, मात्सर्य आदि शत्रुले सर्वत्र पीरेको लोभनेले कामवश स्वास्नीलाई सहँदैन सदले मत्त भएर स्वास्नी र परिवार धनको मद्दले गरीवलाई आर्कोको गुणमा दोष देखेर तथा क्रोध को नियन्त्रण गर्न नसकेर अकारणमा वैरभावको दारूणतामा परी पतिले स्वास्नीलाई स्वास्नीलाई सासुले बुहारीलाई आफ्नो असज्जनता देखाउने वैरभाव प्रकट गर्ने सासु बुहारीमा कलह पैदा गर्ने कामान्तुर युवा आदिमा अशान्ति छाएको वैरभाव बढेर हो यो कर्पूरस्तव लवलीन भएर पाठ गर्छ यसै महाकाली

स्तोत्रमा उल्लिखित जप गर्छु भने एकलाई अकॉलै नसहने बुद्धि नै हुँदैन वैरता ल्याउने बुद्धि नै हुँदैन तव आफु आफुमा के को वैर भाव. व्यक्तिमा बुद्धि ठीक हुनुपर्छ बुद्धि ठीक भे सव ठीक हुन्छ धी हाम्रो प्रचोदयात्‌ यही हाम्रो कालीसित प्रार्थना छ इत्यादि महाकालीका पाउमा प्रश्रीएर यो कर्पूरस्तव समापन गर्दछु ।

मन्तव्यः— गायत्री महारानीको मन्त्र जपने साथै गायत्रीको ध्यान गर्ने उद्देश्य पनि बुद्धि ठीक होस् भनेर । बुद्धि ठीक भए सव ठीक हुन्छ । जय कालि !

रहस्यरूपले कालि ? हजुर्को नै प्रपन्न भै ।।
यो स्तोत्र प्रकाशनमा सहायक भई सवै ।।
अन्तर्मुखी भक्तिभाव राखने जुन भक्त छन् ।।
तीन्‌मा सर्वोपरि श्रेय कालीले वक्सिने गरून् ।।

विपर्पये सर्वनिजो द्यमं प्रति ।
परिश्रमे स्वे विफलं गतेसति ।।
विधातरि स्वेच प्रतीपतांगते ।
निसर्ग सिद्धे शरणं च काल्याः ।। ।।१।।

हेमन्तराम शर्मणः



मुख्य याद गर्नु पर्ने कुरा:-

कमलो मुटु हुनै महिलाहरू खास महिला पूज्य नै हुन्. जति दुःख पनि सहँदा रहेछन्. पुरुषहरू भन्दा स्त्रीहरूमा धर्ममा प्रवृत्ति नै हुन्छ. स्त्रीको हृदय सानो हुन्छ. मूर्दा चिरेर हेर्दा देखेको हूँ, कमलो हुन्छ. स्त्रीका ज्यूमा एक यन्त्र पाठेघर अलग्गै हुन्छ. यसको भार उनीहरू सहन्छन्. लोग्नेलाई यो थाहै हुँदैन. लोग्नेको मार पनि खूब सहनु पर्छ. लोग्ने धर्म प्रवृत्तिको भए त केही सुविस्ता हुँदो हो लोग्ने कुकुर जस्तो भए त कति दुःख होला. कठै ! पाठेघर नसुकेसम्म यो यन्त्रले बराबर दुःख दिईरहन्छ । सुकेपछि पनि त्यतावाट कुन रोग उब्जने हो पत्तै हुन्न । आजकाल त नोकरी गर्नु, समयमा अड्डा पुग्नु, काम गर्नु, सन्तान् छन् भने तीनको सेवा पालन, पोषण तथा सन्तान्लाई स्कूलमा पुऱ्याउनु, लिन जानु, खाद्य सामाग्री किन्नु, पकाउनु, खुवाउनु, भाँडा माझनु इत्यादि यावत यी कामहरू स्त्री जाति-मा भर पर्दछ । स्वास्नीलाई जाया भनेको त्यसै हैन, आफू ऊ स्वास्नीमा दश मास बसेर जन्मेकोले हो । अतः ती आमा भइन् । पुत्रवती वा पुत्रीवती स्वास्नीमा आमा व्यवहार गर्नु, उनीलाई नरुवाउनु, अलग्गै सुत्नु । ५८०।६०० वर्ष अघि चीन-मा सन्तान् भएपछि अलग्गै घरमा बस्ने चलन थियो। सन्तान् भैसकेपछि पनि रजोवती स्त्री भए उनीसित संभोग नगरे पाप हुन्छ भन्ने यो प्रमाणमा हरिताल लाउनु. यो कुराहरूमा अचूक याद गर्ने गरे, परिवार नियोजन स्वतः हुन्छ. स्वास्नीमाथि

अँकारणमा दबाव गर्नु हुँदैन. जुन सुकै आश्रममा होस्, जुन सुकै धर्ममा होस् पत्नी जाया धर्मपत्नी हुन्. सीता नहुँदा रामले सुनको धर्मपत्नी राख्नु भएको थियो । जाया खिलौना हैन. यस्तो संकिए परिवार नियोजन आफै हुन्छ । स्वास्नीले दुःख पाउने गर्नु हुँदैन ।

लेखकः– प्रमुख अधिकृत (भू. पू.) हेमन्तराम भट्टराई

वक्तव्य

आफ्नो थुथुनो कडा चोथाले भै, अलिकति अरुले भनेको पनि सहन नसक्ने भएर ऊन्ऊन् अरूमाथि वाणले विझाउने जस्तो बोलबोली रहने प्रबृत्तिवाला पुरुष वा स्त्रीले त्यस्तो बोल बोलेर आफ्नै नोक्सानी हुने, अरूबाट फायदा लिन नसकी हानि मात्र हुने संझी त्यस्तो नहोस् भन्नाको निम्ति कालीको स्मरण गरिकन पनि यो स्तोत्र पाठ गर्नु ।

श्री दक्षिणकालीको ध्यान र स्तोत्र

महाकाली तिम्रो मुख छ डरलाग्दो अतिशय ।
कपाल्मा छन् ख्याँक्रो वसनहरू छन् सव दिश दश ।।
चतुर्वाहुमा छन् वर. अभय, शिर् रक्त चुहिने ।
उठाएको खड्ग करतलविषे टल्किरहने ।।१।।

निकै राम्रा माला भगतजनका चम्किरहने ।
पचास् मस्तक्का छन् गलर उरमा लट्किरहने ।।
शिवस्थान् यै होक्या मनगरि गढन्तैकि हजुरी ।
रूचाई त्यै अङ्ग हृदय गल राख्नु छ चतुरी ।।२।।

भऐ साग्दा दारा, श्रुति दुई तिरै माथि शव छन् ।
भगत्का हात् भेका कटि वरिपरि काञ्चि सव छन् ।।
दुवैगीजाबाटै चुहि चुहि रहेको छ रगत ।
श्मशान् बीच्मा बस्ने हजुर जननी हामी तनय ।।३।।

निधार् माथि चन्द्र द्वितय तिरको नेत्र पनि भै ।
अनी वीच्को आँखा त्रिनयन भनी संझिरहँदै ।।

म शत्रु नाश पारूँ विजय सव हासील गरिली ।
पूरा गर्नै पाउँ भगवती मृडानी जपि जपो ।।४।।

भगत्का साधन्ले उठि उठि निकै कुण्डली छुटी ।
अधिष्ठान् पारीभै क्रमिक तवर स्थान रहँदै ।।
अनी आज्ञाचक्र स्थल उपरका ईश्वरसित ।
भई साक्षात् नारीश्वर अनि हुने अर्धकसित ।।५।।

विशुद्धि चक्रै मा स्फटिकसम आकाश जनक ।
शिवा शिव् एकै भै भगवति मुडानि व्यवसित ।।
दुवैका सेवक् हौं जुन युगलको चन्द्रकरले ।
अँध्यारो उघ्री ओस् सवजगतको ब्रह्म छविले ।।६।।

शिवे ? आज्ञाचक्र स्थित शिवजीलाई प्रणतहूँ ।
पराशक्ति साथ्का रवि शशि छवि शंभु नतहूँ ।।
दुवै अाधानारी श्वर अनी उही एक द्युतिको ।
गरेमा आराधन् भगवति हजुर्कै चरणको ।।७।।

जनम जनमको हूँ पाउको धूलि फुस्रो ।
अव पनि चरणैमा लुट्पुटी बस्न पाऊँ ।।
कति कति दिन जन्मी दुःखमा नै बिताएँ ।
न भुलि अव त कालि ? नाम नै मर्न पाऊँ ।।९।।

घर जन दुनियाँको चाकरी गर्न माहाँ ।
हर दिन हर बेला लीन भै व्यर्थ माहाँ ।।

समय सब विताएँ स्वार्थका स्वामि मूढो ।
स्मरण गरिरहेछु व्यर्थ संसार कूठो ॥२॥

जति जति महिला छन् कालिका अंशरुप ।
प्रकृति उनी जगत्की सृष्टि गर्ने स्वरूप ।।
नरम गति जनाना स्पन्दनाको मुटूको ।
सरर गइ उनैमा मिज्न आओस् चहक्को ॥३॥

कुनै एक अवलाको उद्‌गार सुनेको लेख्ने
हेमन्तराम भट्टराई

वरत गरी रहेको हुन्छ. हाम्रो श्वास क्रिया चल्दा Respiratory Ceatre वाट 'का' को अक्षरवाट निःश्वास अर्थात् आकृष्ट वायुलाई वाहिर निकाल्नु 'ली' को अक्षरवाट प्रश्वास वाह्य वायु खिच्नु भित्र श्वास प्रवेश गर्नु यरतै तवरले निःश्वास प्रश्वास कार्य चलिरहन्छ. जस्तै भनेको छ– 'का' कारेण वहिर्याति ।। 'ली' कारेण विशेत् पुन. कालीति वर्णद्वयतः श्वास कार्यम् समीहते ।।१।। 'का' यो एकाक्षर भन्दा फुस्फुस समस्त मानिसको शरीरभर शरीरका सिरा सँस्थानमा घुमेकी आङ्गरिक वाष्प संयुक्त मैलो रगत वाहिर निस्कन्छ. का कारले विलकुल शरीर संशोधन हुन्छ. ली कारको प्रभावले विष्णु पदामृत वायु (अक्सिजन) अर्थात् विष्णु पद अर्थात् आकाश-वाट आएको विशुद्ध वायुका वर्णका साथ भित्र प्रवेश गर्दछ र देहको रक्षा गर्नुहुन्छ एवं रीतले प्राणीहरू स्वास कार्य संपादन गरेर प्राण संचारण गर्ने हुनाले प्राणी भनिन्छन्. उक्त श्वास प्रक्रिया अनवरत अवछिन्न गर्भावस्वादेखि पञ्चत्व नहुन्जेल सम्म चलिरहन्छ । यो श्वास प्रक्रिया चलाइने श्वास सँस्थान-को केन्द्र ब्रह्मस्थान सहस्त्र कमलको वीचमा राज हुने अर्द्ध-नारीश्वर आफ्नो प्यारा काली नामको सहारा लिनु भएर प्रत्येक प्राणीको रक्षा गर्न प्राण गुह्यमा विराजित हुनुहुन्छ । प्राणी बाँचेको नै कालीनामको सहारा अर्द्ध नारीश्वर अक्षोभ्य तत्ववाट उपलब्ध भएर हो. धन्य धन्य धन्य काली !

लेखकका अरु कृतिहरूः

१) प्रसूति तन्त्र (अप्रकाशित)
२) संक्षिप्त चरक संहिता ,,
३) नाडी विज्ञान ,,
४) पथ्या पथ्य विज्ञान ,,
५) बालरोग विज्ञान तथा चिकित्सा ,,
६) सौन्दर्य लहरी ,,
७) गान्धि गिता (सँस्कृतमा) (प्रकासित)
८) आदर्श जवाहरलाल चम्पू ,,
९) आदर्श त्रिभुवन चम्पू ,, ,,
१०) आदर्श महेन्द्र चम्पू ,, ,,
११) उग्रतारा स्तवक ,, ,,
१२) विष्णू सहस्रनाम (नेपालीमा) ,,
१३) दुव्य गुण ,, ,,
१४) यौगिक तत्व विचार ,, ,,
१५) त्रिदोष तत्व ,, ,,
गार्हस्थ चिकित्सा (हिन्दीमा) ,,
श्री सूक्त तथा कालीस्तोत्र भाषा अर्थ र मूलवेद ,,

मूल्य : रू. १०।–